# बडीमालिका राजपत्र

## बडीमालिका नगरपालिका बाजुराद्वारा प्रकाशित

खण्डः ८) बाजुरा, माघ २९ गते, २०८१ साल सङ्ख्याः १


### भागः १

### बडीमालिका नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय,
### सुदूरपश्चिम प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम बडीमालिका नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# साविक स्थानीय निकायबाट स्थायी नियुक्ति पाएका कर्मचारीको स्तर तथा तह बृद्धि ऐन, २०८१

सम्बत २०८१ सालको ऐन नं. १

## बडीमालिका नगरपालिका बाजुराको
## साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाएका कर्मचारी स्तर तथा तह बृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०८१

**प्रस्तावना:** कर्मचारी समायोजन ऐन २०७५ को दफा ७ को उपदफा (४) मा सरकारी सेवामा श्रेणीगतरुपमा कार्यरत कर्मचारीलाई स्थानीय तहमा समायोजन गर्दा सेवा अवधि र शैक्षिक योग्यताका आधारमा तह मिलान तथा ग्रेड बृद्धि (तलब बृद्धि) गरिएको भएता पनि सोही ऐनको दफा ६ को उपदफा (४) बमोजिम साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई हाल यस नगरपालिकामा कार्यरत कर्मचारीहरूको तह बृद्धि सम्बन्धी कुनै व्यवस्था नभएको सन्दर्भमा साविक स्थानीय निकायका कर्मचारीहरूको समानताको हकलाई प्रबर्धन गरी कर्मचारीहरूमा उत्प्रेरणा र प्रोत्साहन प्रदान गरी नगरपालिकाको कार्यसम्पादन प्रभावकारी बनाउन कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५७ (४) तथा अनुसूची-८ को सूची नं (५), स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ उपदफा (२) को खण्ड (ङ) तथा कर्मचारी समायोजन ऐन २०७५ को दफा २३ को अधिकार कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ बमोजिम बडीनगरपालिका नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -एक
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"साविक स्थानीय निकायबाट स्थायी नियुक्ति पाएका कर्मचारीको स्तर तथा तह बृद्धि ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन तुरुन्तै लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले "स्थानीय निकायबाट स्थायी नियुक्ति पाएका कर्मचारीको स्तर तथा तह बृद्धि ऐन, २०८१" लाई सम्झिनुपर्छ ।

(ख) **"कर्मचारी"** भन्नाले साविक स्थानीय निकायमा स्थायी नियुक्ति पाई हाल बडीमालिका नगरपालिकामा कार्यरत कर्मचारीलाई सम्झिनुपर्छ।

(ग) **"कार्यपालिका"** भन्नाले बडीमालिका नगरपालिकाको नगर कार्यपालिकालाई सम्झिनुपर्छ ।

(घ) **"नगरसभा"** भन्नाले बडीमालिका नगरपालिकाको नगरसभालाई सम्झिनुपर्छ।

(ङ) **"नगरपालिका"** भन्नाले बडीमालिका नगरपालिकालाई सम्झिनुपर्छ ।

(च) **"नगर प्रमुख"** भन्नाले बडीमालिका नगरपालिकाको नगर प्रमुखलाई सम्झिनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम कार्य गर्न खटाइएको नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झिनुपर्छ ।

## परिच्छेद -दुई
## स्तर तथा तह बृद्धि सम्बन्धी व्यवस्था

**३.स्तर तथा तह बृद्धि सम्बन्धी व्यवस्था**

(१) साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई समायोजन भई वा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सुदूरपश्चिम प्रदेश अन्तर्गत अन्य स्थानीय तहबाट बडीमालिका नगरपालिकामा कामकाजका लागि खटाएका कर्मचारीहरूको स्तर तथा तह बृद्धि देहाय बमोजिम गरिनेछः

| साविकको पद तथा तह | स्थानीय तहमा समायोजन भएको मितिमा सेवा अवधि | हाल समायोजन हुने तह | समायोजन हुँदा कायम हुने ग्रेड |
|---|---|---|---|
| श्रेणी विहीन पहिलो तह | पाँच वर्ष वा पाँच वर्षभन्दा बढी सेवा अवधि | श्रेणी विहीन दोस्रो तह | |
| श्रेणी विहीन दोस्रो तह | पाँच वर्ष वा पाँच वर्षभन्दा बढी सेवा अवधि | श्रेणी विहीन तेस्रो तह | |
| श्रेणी विहीन तेस्रो तह | पाँच वर्ष वा पाँच वर्षभन्दा बढी सेवा अवधि | श्रेणी विहीन चौथो तह | |
| श्रेणी विहीन चौथो तह | पाँच वर्ष वा पाँच वर्षभन्दा बढी सेवा अवधि | श्रेणी विहीन पाँचौ तह | |
| श्रेणी विहीन पाँचौ तह | पाँच वर्ष वा पाँच वर्षभन्दा बढी सेवा अवधि | खाईपाई आएकोमा दुई ग्रेड थप | |
| सहायक स्तर तृतीय/ मुखिया | पाँच वर्षभन्दा कम सेवा अवधि | - | खाइपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्षभन्दा बढी सेवा अवधि | सहायक स्तर चौथो | - |
| सहायकस्तर चौथो | पाँच वर्षभन्दा कम सेवा अवधि | | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्षभन्दा बढी सेवा अवधि | सहायक स्तर पाँचौ | |

| **साविकको पद तथा तह** | **स्थानीय तहमा समायोजन भएको मितिमा सेवा अवधि** | **हाल समायोजन हुने तह** | **समायोजन हुँदा कायम हुने ग्रेड** |
|---|---|---|---|
| सहायकस्तर पाँचौ | पाँच वर्षभन्दा कम सेवा अवधि | | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा भई हाल कार्यरत पदका लागि न्युनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृतस्तर छैटौ | |
| अधिकृतस्तर छैटौ | पाँच वर्षभन्दा कम सेवा अवधि | अधिकृत स्तर सातौं | |
| | पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा भई हाल कार्यरत पदका लागि न्युनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृत स्तर आठौं | |
| अधिकृतस्तर सातौं | पाँच वर्षभन्दा कम सेवा अवधि | अधिकृत स्तर आठौं | |
| | पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा भई हाल कार्यरत पदका लागि न्युनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृतस्तर नवौं | |

(२) उपदफा (१) का अतिरिक्त स्तर तथा तह बृद्धिका लागि देहायका थप आधारहरू लिनुपर्नेछः

(क) शैक्षिक योग्या (हाल कार्यरत पदका लागि न्युनतम शैक्षिक योग्यता हासिल गरेको)

(ख) पछिल्लो दुई वर्षमा कुनै पनि विभागीय सजाय नपाएको।

(ग) कम्तीमा ३० कार्यदिनको तालिम प्राप्त भएको।

(३) यस दफाको प्रयोजनका लागि नगर कार्यपालिकाको कार्यालयले ३० दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ र यसरी सूचना प्रकाशन भएको मितिभित्र अनुसूची-१ बमोजिम योग्यता पुगेका कर्मचारीले निवेदन दर्ता गराइसक्नु पर्नेछ ।

४. **<u>स्तर तथा तह बृद्धि पत्र दिने</u>**: दफा ३ को उपदफा २ बमोजिमको सूचनाको अवधिभित्र प्राप्त भएका निवेदनहरूको मूल्याङ्कन गरी योग्यता पुगेका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले मिल्दो सेवा समुहको पद खुलाइ अनुसूची-२ बमोजिम स्तर तथा तह बृद्धि पत्र दिनु पर्नेछ ।

५. **<u>तलबमान कायम गरिने</u>**: स्तर तथा तह बृद्धि भएपश्चात कर्मचारीको कायम हुने नयाँ तलबमान निजले खाइपाई आएको साबिक तलबमानभन्दा कम हुने भएमा अपुग रकम बराबरको ग्रेड थप गरी तलबमान कायम गरिने छ ।

६. **<u>जेष्ठता गणना हुने</u>**: जुनसुकै मितिमा स्तर तथा तह बृद्धि भए पनि यस ऐन बमोजिम स्तर तथा तह बृद्धि भएको कर्मचारी कर्मचारी समायोजन ऐन २०७५ को दफा ६ को उपदफा ४ बमोजिम समायोजन भएको मितिदेखि जेष्ठता गणना हुनेछ ।

७. **<u>स्तर तथा तह बृद्धि पत्र दिने विशेष व्यवस्था</u>**: यस ऐनको दफा ३ को उपदफा १ बमोजिम स्तर तथा तह बृद्धिका लागि योग्यता पुगेको कर्मचारी स्वयम् आफैं प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा रहेको अवस्थामा नगर कार्यपालिकाले त्यस्तो कर्मचारीलाई स्तर तथा तह बृद्धि गर्ने निर्णय गर्नु पर्नेछ । नगर कार्यपालिकाको उक्त निर्णय बडीमालिका राजपत्रमा प्रकाशित गरिनेछ ततपश्चात् प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यसम्पादन गरिरहेको जुनसुकै कर्मचारीलाई अनुसूची-२ बमोजिम स्तर तथा तह बृद्धि पत्र दिन बाधा पर्ने छैन ।

## परिच्छेद -तीन
## विविध

८. **<u>थप ग्रेड</u>**: प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम उपलब्ध गराइएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेडभन्दा बढी हुने गरी दिइने छैन ।

९. **<u>यस ऐन बमोजिम हुने</u>**: यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम हुनेछ । अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

*(दफा ३ (३) सँग सम्बन्धित)*

**बडीमालिका नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

मार्तडी, बाजुरा

मिति .....................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

बडीमालिका नगरपालिका नगरकार्यपालिकाको कार्यालय, मार्तडी, बाजुरा

**विषयः**- स्तर तथा तह बृद्धि गरिपाउँ ।

प्रस्तुत विषयमा यस नगरकार्यपालिकाको कार्यालयबाट मिति .................मा प्रकाशित सूचनाअनुसार देहायको विवरणका साथ स्तर तथा तह बृद्धिका लागि यो निवेदन पेस गरेको छु ।

<u>तपसिल</u>

(क) नाम.....................................

(ख) ठेगाना .....................................

(ग) सेवा प्रवेश गरेको मिति .......................

(ङ) सेवा प्रवेश गर्दाको पद/तह ................/...............

(च) समायोजन भएको मिति ..................

(छ) हाल कार्यरत पद ................................

(ज) तह बृद्धि हुन चाहेको पद ..........................ग्रेड .............................

<u>निवेदक</u>

नाम....................

हस्तक्षर................

मिति .................

अनुसूची-२

*(दफा ५ सँग सम्बन्धित)*

**बडीमालिका नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

मार्तडी, बाजुरा

प.सं.–

च.नं.–

मितिः– ..................

**विषयः– स्तर तथा तह बृद्धि गरिएको ।**

महासय,

"**बडीमालिका नगरपालिका कर्मचारीको स्तर तथा तह बृद्धि ऐन, २०८१**" बमोजिम नगरकार्यपालिकाको कार्यालयको मिति ..................को निर्णयानुसार तपाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) बमोजिम समायोजन भएको मिति ............................... देखि जेष्ठता कायम हुने गरी देहायबमोजिमको पद तथा तहको दरबन्दीमा रहने गरी स्तर तथा तह बृद्धि गरिएको छ ।

स्तर तथा तह बृद्धि हुनु भएकोमा हार्दिक बधाईका साथै उज्वल भविष्यको कामना छ।

| हाल कार्यरत पद तथा तहको विवरण | बृद्धि भएको पद तथा तहको विवरण |
|---|---|
| पद : | पद : |
| तह : | तह : |
| सेवा : | सेवा : |
| समुह : | समुह : |

(................................)

प्रमुख प्रशासकीय अधिकृत

**<u>बोधार्थ</u>**

श्री प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदुरपश्चिम प्रदेश, धनगढी, नेपाल ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (कर्मचारी प्रशासन महाशाखा) सिंहदरबार, काठमाडौं ।

श्री कर्मचारी सञ्चय कोष, त्रिदेवी मार्ग ठमेल, काठमाडौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, बाजुरा ।

श्री आर्थिक प्रशासन शाखा, बडीमालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाजुरा ।

**नगरसभाबाट स्वीकृत मितिः २०८१/१०/२७**

**प्रमाणीकरण मितिः २०८१/१०/२७**

**प्रकाशित मितिः २०८१/१०/२९**

**आज्ञाले,**

**पदमबहादुर माझी**
**प्रमुख प्रशासकीय अधिकृत**